जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३१४ • २०८३ भदौं १७ गते बुधवार • 2 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## मृत्यु हुनेको संख्या १ हजार ५० पुग्यो



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ भदौ**

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढी तथा पहिरोमा परी मृत्यु हुनेको संख्या १ हजार ५० पुगेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार मंगलबार साँझ ६ बजेसम्म विभिन्न जिल्लाबाट १ हजार ५० जनाको शव तथा मानव अंग फेला परेको हो। प्राधिकरणका अनुसार सबैभन्दा धेरै चितवनमा ३२१ जनाको शव फेला परेको छ।

त्यस्तै, नवलपरासी पूर्वमा २१६, नवलपरासी पश्चिममा १७०, नुवाकोटमा १४२, गोरखामा ६५, धादिङमा ५७, रसुवामा ४१ र तनहुँमा ३८ जनाको शव फेला परेको छ। बाढी तथा पहिरोमा परी अझै करिब ३ हजार ९१६ जना सम्पर्कविहीन रहेको प्राधिकरणले जनाएको छ। सम्पर्कविहीनमध्ये नुवाकोटमा करिब १ हजार ५५८, रसुवामा करिब ८६५, जलविद्युत आयोजनाबाट ६३९ तथा विदेशी नागरिक ५८३ जना छन्। त्यस्तै, विदेशी पर्यटकसँगै घुम्न गएका १६४ नेपाली, नेपाल प्रहरीका २५, नेपाली सेनाका ४५, सशस्त्र प्रहरीका १३, भन्सार कार्यालयका १५, अध्यागमन कार्यालयका ३ र लाङटाङ राष्ट्रिय निकुञ्जका ३ जना पनि सम्पर्कविहीन रहेको विवरणमा उल्लेख छ। बाढीमा परी घाइते भएका २९२ जनाको विवरण प्राप्त भएको छ।विभिन्न अस्पतालबाट १८२ जना डिस्चार्ज भइसकेका छन्। नेपाली सेनाले २ हजार ९१५ जना तथा सशस्त्र प्रहरीले १ हजार १५५ जनालाई स्वास्थ्य उपचार सेवा दिएको प्राधिकरणले जनाएको छ। १२ हजारभन्दा बढीको उद्धारः बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहतका लागि ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ।

हालसम्म २१ हजार ३१४ सुरक्षाकर्मी परिचालन भएका छन्। नेपाल प्रहरीका ७ हजार ९१२, नेपाली सेनाका ९ हजार १९९ र सशस्त्र प्रहरी बलका ४ हजार २०३ जना परिचालन गरिएको छ। हालसम्म ११ हजार ९९३ जनाको उद्धार गरिएको छ। नेपाली सेनाले हेलिकप्टरमार्फत २७३ विदेशी र ४ हजार ९१ नेपाली गरी ४ हजार ३६४ जनाको हवाई उद्धार गरेको छ। सेनाले हालसम्म ६१० पटक हवाई उडान गरिसकेको छ।

त्यसमध्ये आज मात्रै ८४ उडान भएका छन्। प्रभावित क्षेत्रबाट उद्धार गरिएका तथा अन्य व्यक्तिसहित हाल ३ हजार ४५३ जना होल्डिङ सेन्टरमा रहेका छन्। नुवाकोटमा २ हजार ४६६, धादिङमा २६०, रसुवामा ३९८ र काठमाडौंमा ३२९ जना होल्डिङ सेन्टरमा रहेको प्राधिकरणले जनाएको छ। प्रभावित क्षेत्रमा राहत सामग्री पठाइँदैः सरकारले बाढी प्रभावित क्षेत्रमा खाद्य तथा गैरखाद्य सामग्री पठाउने कामलाई तीव्रता दिएको छ।

हालसम्म ३७ ट्रक र ३७ बोलेरोमार्फत राहत सामग्री पठाइएको छ भने हेलिकप्टरबाट ९ पटक खाद्य तथा गैरखाद्य सामग्री प्रभावित क्षेत्रमा पुर्‍याइएको छ। आज थप १४ वटा गाडीमार्फत राहत सामग्री पठाइएको छ।




## नेपाल कम्युनिस्ट पार्टी (नेकपा) संसदीय दलले १५ दिन बराबरको तलब सहयोग दिने

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ भदौ**



रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनाका लागि मधेश प्रदेशमा रहेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) संसदीय दलले १५ दिन बराबरको तलब सहयोग गर्ने भएको छ।

संसदीय दलमा आबद्ध प्रदेशसभा सदस्य, उनीहरूका स्वकीय सचिव तथा सचिवालयमा कार्यरत कर्मचारीको १५ दिनको तलब कट्टा गरी बाढीपीडितको राहतका लागि उपलब्ध गराउने निर्णय गरिएको हो। नेकपा संसदीय दलका नेता युवराज भट्टराईले प्रदेशसभा सचिवालयलाई पत्राचार गर्दै सांसद, स्वकीय सचिव तथा कर्मचारीको १५ दिनको तलब कट्टा गरी तोकिएको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाउन आग्रह गरेका छन्। रसुवामा आएको बाढीका कारण ठूलो मानवीय तथा भौतिक क्षति भएकाले विपद्को समयमा प्रभावित नागरिकलाई सहयोग गर्नु सामाजिक तथा मानवीय दायित्व भएको भन्दै संसदीय दलले यस्तो निर्णय गरेको हो। भोटेकोशी बाढीबाट प्रभावित परिवारको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि मधेस प्रदेशबाट पछिल्लो समय सहयोग जुट्ने क्रम बढेको छ।

विभिन्न व्यक्ति, संस्था, व्यवसायी तथा सामाजिक संघसंस्थाले समेत आर्थिक तथा जिन्सी सहयोग उपलब्ध गराउँदै आएका छन्।

## नगराईन नगरपालिकाको वडा नम्बर २ का बालबालिकामा कुपोषणको अवस्था सबैभन्दा बढी

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ भदौ**



धनुषाको नगराईन नगरपालिकामा गरिएको कुपोषण सर्वेक्षणमा वडा नम्बर २ का बालबालिकामा कुपोषणको अवस्था सबैभन्दा बढी देखिएको छ।

नगरपालिकाले वैशाख २० गतेदेखि ३० गतेसम्म सबै वडामा सञ्चालन गरेको सर्वेक्षणमा लक्षित ५४६ बालबालिकामध्ये ३४३ जनाको तौल तथा पोषण अवस्थासम्बन्धी परीक्षण गरिएको थियो। सर्वेक्षणमा १३ जना बालबालिका गम्भीर कुपोषण र ४६ जना मध्यम कुपोषणको अवस्थामा रहेको पाइएको छ। सर्वेक्षणअनुसार परीक्षण गरिएका बालबालिकामध्ये गम्भीर कुपोषणको दर ३ दशमलव ७९ प्रतिशत र मध्यम कुपोषणको दर ९ दशमलव ६२ प्रतिशत रहेको उल्लेख छ। उमेरअनुसार उचाइ तथा तौल कम भएका बालबालिकाको अवस्थासमेत सर्वेक्षणमा समेटिएको छ। नगरपालिकाभित्रका वडामध्ये वडा नम्बर २ मा कुपोषित बालबालिकाको संख्या तुलनात्मक रूपमा बढी पाइएको सर्वेक्षणको निष्कर्ष छ। कुपोषणको प्रमुख कारणका रूपमा अभिभावकको लापरवाही तथा सरकारले उपलब्ध गराउँदै आएको पोषण भत्ताको उचित सदुपयोग हुन नसकेको जनाइएको छ। नगराईन नगरपालिकाका स्थानीय प्रदीप कुमार चौधरीले सरकारले बालबालिकाका लागि उपलब्ध गराउँदै आएको पोषण भत्ता उनीहरूको पोषण सुधारमा प्रयोग हुनुपर्नेमा जोड दिएका छन्। उनले पोषण भत्ताको सही सदुपयोग गरी बालबालिकालाई पोषणयुक्त र स्वस्थ बनाउन अभिभावक तथा सरोकारवालाहरूलाई आग्रह गरेका छन्। बालबालिकामा देखिएको कुपोषण न्यूनीकरणका लागि अभिभावक, स्थानीय सरकार तथा सम्बन्धित सबै पक्षको सचेतना, अपनत्व र जिम्मेवारी आवश्यक रहेको सर्वेक्षणले औंल्याएको छ।

नगरपालिकाले पनि पोषणसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउँदै कुपोषित बालबालिकाको पहिचान र उपचारमा थप ध्यान दिनुपर्ने देखिएको छ।

## ठगी आरोपमा एक व्यक्ति पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ भदौ**

सुनचाँदी धितो राखी नगद सापटी दिने भन्दै सर्वसाधारणबाट सुनचाँदी लिएर ठगी गरेको आरोपमा फरार रहेका एक व्यक्तिलाई धनुषा प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सबैला नगरपालिका-६ का करिब ४० वर्षीय प्रदिप साह सोनार रहेका छन्। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार उनलाई जनकपुरधाम उपमहानगरपालिका-४ स्थित अदालत रोडबाट पक्राउ गरिएको हो। विभिन्न स्थानका १७० जना पीडितले संयुक्त जाहेरी दिएपछि साह र उनकी श्रीमती रामतोला देवी साहविरुद्ध ठगी तथा आपराधिक विश्वासघातसम्बन्धी मुद्दा दर्ता भएको थियो। प्रहरीले रामतोला देवी साहलाई यसअघि नै भदौ २ गते पक्राउ गरी धनुषा जिल्ला अदालतबाट म्याद लिएर अनुसन्धान गरिरहेको जनाएको छ।

घटनापछि फरार रहेका प्रदिप साह सोनारको खोजी गर्ने क्रममा प्रहरीले उनलाई भदौ १५ गते नियन्त्रणमा लिएको हो।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय....................

# जोखिम न्यूनीकरणको आवश्यकता

बाढी, पहिरो, आगलागी, हुरीबतास, चट्याङ आदि प्राकृतिक विपत अन्तर्गत पर्दछन्। यसैगरी, मानवीय क्रियाकलापबाट आउने द्वन्द्व, अनिकाल, डढेलो, सूक्ष्म जीवाणु आतंक (महामारी), बर्डफ्लु, सर्पदंश, खानी तथा हवाई दुर्घटना, सडक तथा औद्योगिक दुर्घटना, विषाक्त ग्यास वा रसायन चुहावट, विस्फोटन, वातावरणीय प्रदूषण, वन विनाश आदि मानव सिर्जित विपत् रहेको देखिन्छ। प्रकोपबाट विश्वमा हरेक वर्ष हजारौं मानिसको ज्यान जान्छ, कैयौं हराउँछन् र लाखौं परिवार घरबारविहीन हुने देखिन्छ। यसबाट अर्बौं रुपैयाँ बराबरको धनसम्पत्ति नष्ट हुने देखिन्छ। कोभिड-१९ जस्तो विश्वव्यापी महामारीले पनि निकै ठूलो जनधनको क्षति पुर्‍याएका थिए। नेपालकै सन्दर्भमा सन् १९८८ र २०१५ को भूकम्पबाट अकल्पनीय धनजनको क्षति भएका थिए।

विपत्तले गराउने मानवीय तथा साधनस्रोतको क्षतिले समाजलाई गरिबी तर्फ धकेल्छन। विपत्तमा परेका मानिसले जीविकोपार्जनका लागि प्राकृतिक स्रोतसाधनमा गर्ने अतिक्रमणले विपत्तको सम्भावनालाई अझ तीव्र पार्ने जोखिम रहने देखिन्छ। विगतमा उद्धार कार्यमा मात्र सीमित रहेका संयन्त्रहरूको कार्यक्षेत्र विस्तार गरी प्राकृतिक प्रकोप नियन्त्रणलाई राष्ट्रिय कार्यक्रमसँग आबद्ध गर्न थालिएका छन। वर्तमान अवस्थामा प्रकोपबाट उत्पन्न हुने विपत्तजन्य जोखिम न्यूनीकरणका कार्यलाई प्राथमिकता दिनु र दिगो विकासको अवधारणालाई समुदायस्तरसम्म पुर्‍याउनु अत्यन्त जरुरी रहेको देखिन्छ। किनभने जबसम्म जोखिमलाई न्यूनिकरण गरिदैन तबसम्म नेपाल र नेपाली सुरक्षित रहन सक्दैन।

# १ लाख ५० हजार रुपैयाँ बराबरको रेडिमेड कपडा सहयोग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ भदौ**

धनुषाको जनकनन्दिनी गाउँपालिका-३ प्रखे महुवास्थित ओम शान्ति सपिङ सेन्टरले रसुवाको भोटेकोशी बाढीबाट प्रभावित नागरिकका लागि १ लाख ५० हजार रुपैयाँ बराबरको रेडिमेड कपडा सहयोग गरेको छ।

भोटेकोशीमा आएको विनाशकारी बाढीबाट ठूलो जनधनको क्षति भएपछि सामाजिक उत्तरदायित्वअन्तर्गत बाढीपीडितलाई राहत पुगोस् भन्ने उद्देश्यले कपडा सहयोग गरिएको सपिङ सेन्टरका सञ्चालक गणेश



गुप्ताले बताए। सपिङ सेन्टरले बालबालिकादेखि वयस्कसम्मका लागि प्रयोग गर्न मिल्ने विभिन्न प्रकारका नयाँ रेडिमेड कपडा संकलन गरेको हो।

कुल १९७ थान कपडा मंगलबार धनुषा क्षेत्र नम्बर २ का पूर्वमन्त्री उमाशंकर अरगरिया मार्फत संघीय सरकारलाई हस्तान्तरण गरिएको थियो। सञ्चालक गुप्ताले विपद्मा परेका परिवारलाई आफ्नो तर्फबाट सानो भए पनि सहयोग गर्न पाउँदा खुसी लागेको बताए। उनले संकलित राहत सामग्री वास्तविक बाढीपीडितसम्म प्रभावकारी रूपमा पुर्‍याउन आग्रह गरे। राहत सामग्री बुझ्दै पूर्वमन्त्री अरगरियाले विपद्को समयमा निजी क्षेत्र तथा स्थानीयस्तरबाट गरिएको सहयोगले प्रभावित परिवारलाई राहत पुग्ने बताए। उनले बाढीपीडितको उद्धार, राहत र पुन:स्थापनाका लागि सबैलाई आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न आग्रह गरे। सहयोग हस्तान्तरण कार्यक्रममा निवर्तमान उपाध्यक्ष मनिष रमन साह, कोषाध्यक्ष परमेश्वर साह, लेखा अध्यक्ष ओमप्रकाश कर्णलगायतको उपस्थिति थियो। ओम शान्ति सपिङ सेन्टरबाट प्राप्त १९७ थान कपडा जनकपुरधाम उद्योग वाणिज्य संघलाई हस्तान्तरण गरिएको जनाइएको छ।

# लक्ष्मीनियाँ गाउँपालिकाद्वारा झण्डै ३० लाख रुपैयाँ सहयोग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ भदौ**

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुन:स्थापनाका लागि धनुषाको लक्ष्मीनियाँ गाउँपालिकाले झण्डै ३० लाख रुपैयाँ सहयोग गर्ने भएको छ। गाउँ कार्यपालिकाको मंगलबार बसेको बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २९ लाख ६५ हजार ५८२ रुपैयाँ जम्मा गर्ने निर्णय गरेको हो।

गाउँपालिकाका अनुसार उक्त रकममध्ये गाउँपालिकाको तर्फबाट ११ लाख ११ हजार १११ रुपैयाँ, सम्पूर्ण जनप्रतिनिधिको तर्फबाट ५ लाख २३ हजार ५०० रुपैयाँ, कर्मचारीको तर्फबाट ५ लाख ४६ हजार ७९९ रुपैयाँ तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको तर्फबाट ७ लाख ८४ हजार १७२ रुपैयाँ रहेको छ।

गाउँपालिकाले भदौ १० गते तिब्बत-नेपाल सीमा क्षेत्रबाट भोटेकोशी नदी हुँदै आएको अभूतपूर्व बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत जिल्लामा भएको ठूलो जनधनको क्षतिप्रति दु:ख व्यक्त गरेको छ।

प्रेस विज्ञप्तिमार्फत गाउँपालिकाले बाढीमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै




शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको छ। साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै प्रभावित नागरिकको तत्काल उद्धार, सुरक्षित पुन:स्थापना र सहज जनजीवनका लागि शुभकामना व्यक्त गरेको छ। राष्ट्रिय विपद्को समयमा प्रभावित नागरिकलाई सहयोग गर्नु सबैको मानवीय दायित्व भएको उल्लेख गर्दै प्रमुख प्रशासकीय अधिकृत मिथिलेश ठाकुरले सहानुभूतिमा मात्र सीमित नरही सहयोग, समन्वय, सहकार्य र ऐक्यबद्धताका साथ राहत तथा पुन:स्थापना अभियानमा जुट्न सबैलाई आग्रह गर्नुभयो। गाउँपालिकाका अनुसार कर्मचारी तथा शिक्षक-कर्मचारीबाट संकलित रकम उनीहरूको सेवा सुविधाबाट निश्चित दिनको तलब कट्टा गरी योगदान गरिएको हो।

अधिकृतस्तरका कर्मचारीबाट सात दिन, सहायकस्तरबाट पाँच दिन र श्रेणीविहीन सहयोगीस्तरबाट दुई दिनको तलब योगदान गरिएको छ। त्यसैगरी, माध्यमिक तहका शिक्षकबाट सात दिन, आधारभूत तहका शिक्षकबाट पाँच दिन तथा सहयोगी कार्यकर्ता र कर्मचारीबाट दुई दिनको तलब योगदान गरिएको गाउँपालिकाले जनाएको छ।


## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: लामो यात्राको योग छ
सिंह: अनावश्यक चिन्ता
कन्या: खानपानमा समस्या आउने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: विचार गरेर बोल्नुहोला
धनु: आम्दानी हुने
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: मनमा पछुतो आउने
मीन: शुभ कार्यको शुरुवात




## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


##  आवश्यक टेलिफोन नम्बरहरु 

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर  पुजाआजा 

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# अमेरिका-इरान तनाव बढ्दा लगानीकर्ता चिन्तित, सेयर बजारमा गिरावट



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ भदौ**

पश्चिम एसियामा पुनः बढेको सैन्य तनावसँगै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेपछि अमेरिकी सेयर बजारमा गिरावट आएको छ । इरानी लक्ष्यमा अमेरिकाले गरेको पछिल्लो सैन्य कारबाहीले लगानीकर्तामाझ भूराजनीतिक जोखिम र ब्याजदर वृद्धिको चिन्ता थप बढाएको हो ।

सोमबारको कारोबारमा डाउ जोन्स औद्योगिक औसत ३७४.०९ अंक अर्थात् ०.७ प्रतिशतले घटेर ५३ हजार१८५.९ अंकमा बन्द भयो। त्यस्तै, एस एन्ड पी ५०० २५.६२ अंक अर्थात् ०.३३ प्रतिशतले घटेर ७हजार६८६.१४ अंकमा पुग्यो । नास्डाक समग्र सूचक पनि ३१.५३ अंक अर्थात् ०.१२ प्रतिशतले घटेर २६ हजार३७०.८९ अंकमा झरेको छ । एस एन्ड पी ५०० अन्तर्गतका ११ प्रमुख क्षेत्रमध्ये नौ क्षेत्रमा गिरावट देखिएको छ । सञ्चार सेवा क्षेत्र १.६३ प्रतिशत र उपयोगिता सेवा क्षेत्र १.१८ प्रतिशतले घटेका छन् ।

यता, ऊर्जा क्षेत्र २.१ प्रतिशत र प्रविधि क्षेत्र ०.३ प्रतिशतले बढेका छन् । अमेरिकाले इरानका रकेट प्रक्षेपणस्थललाई लक्षित गरी सैन्य कारबाही गरेपछि अमेरिका र इरानबीचको तनाव पुनः चर्किएको हो। स्ट्रेट अफ हर्मुजमा नौसैनिक बारुदी सुरुङ बिछ्याउने धम्कीपछि अमेरिकाले उक्त कारबाही गरेको बताइएको छ । केही सातायता दुई देशबीच भएको यो पहिलो प्रत्यक्ष सैन्य कारबाही भएको जनाइएको छ । सैन्य तनाव बढेसँगै अन्तर्राष्ट्रिय ऊर्जा बजारमा पनि प्रभाव परेको छ। वेस्ट टेक्सस इन्टरमिडिएट कच्चा तेलको अक्टोबर आपूर्ति मूल्य २.३६ अमेरिकी डलर अर्थात् २.८३ प्रतिशतले बढेर प्रतिब्यारेल ८५.७६ डलर पुगेको छ। त्यस्तै, ब्रेन्ट कच्चा तेलको नोभेम्बर आपूर्ति मूल्य २.३९ डलर अर्थात् २.७१ प्रतिशतले बढेर प्रतिब्यारेल ९०.४९ डलर पुगेको छ । यसबिच अमेरिकी केन्द्रीय बैंकको ब्याजदर नीतिलाई लिएर लगानीकर्ताको चिन्ता पनि कायमै छ । अमेरिकी केन्द्रीय बैंकका अध्यक्ष केभिन वार्शले ज्याक्सन होल आर्थिक नीति गोष्ठीमा शुक्रबार दिएको कडा नीतिको संकेतपछि आगामी सेप्टेम्बर बैठकमा ब्याजदर ०.२५ प्रतिशत बिन्दुले बढ्ने सम्भावनाबारे बजारको अपेक्षा ६२ प्रतिशत पुगेको छ । एक साताअघि यस्तो सम्भावना करिब ४० प्रतिशत मात्र थियो । ठूला प्रविधि कम्पनीका सेयरमा भने मिश्रित प्रदर्शन देखिएको छ । चिप निर्माता एनभिडियाको सेयर १.४८ प्रतिशतले बढेको छ भने टेस्लाको सेयर ५.५१ प्रतिशतले उकालो लागेको छ ।

# र्‍यापर बादशाह र ईशा रिखीले गरे सम्बन्धविच्छेद

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ भदौ**



बिहे गरेको ५ महिनामै भारतीय र्‍यापर बादशाह र पञ्जाबी अभिनेत्री ईशा रिखी अलग भएका छन् । सोमबार रात दुबैले आफ्नो इन्स्टाग्राम एकाउन्टमा पोस्ट सेयर गर्दै सम्बन्धविच्छेदको पुष्टि गरेका हुन् । आफ्नो पोस्टमा बादशाहले यो निर्णय आपसी सहमतिमा गरिएको बताएका छन् । यस समयमा आफ्नो गोपनीयताको सम्मान गर्न र अड्कलबाजी नगर्न उनले फ्यान र मिडियालाई अनुरोध गरेका छन् । विगत केही हप्तादेखि उनीहरूको सम्बन्धमा दरार आएको रिपोर्ट आएको थियो ।

के लेखिएको थियो इन्स्टाग्राम पोस्टमा ? उनी र ईशा रिखी आपसी सम्मानका साथ आफ्नो छुट्टै बाटोमा अगाडि बढिरहेको पोस्टमा बादशाहले लेखेका छन् । 'यो निर्णय आपसी सहमतिमा गरिएको हो । हामी सबैलाई यस समयमा हाम्रो गोपनीयताको सम्मान गर्न अनुरोध गर्दछौं । यस विषयमा यो नै हाम्रो पहिलो र अन्तिम कथन हो, त्यसैले हाम्रो सम्बन्धको बारेमा थप अड्कलबाजी नगर्नुस्,' पोस्टमा भनिएको छ । आफ्नो इन्स्टाग्राम स्टोरीमा ईशा रिखीले पनि त्यही स्टोरी शेयर गरेकी छिन् । को हुन् ईशा रिखी ? ईशा रिखी एक लोकप्रिय पञ्जाबी अभिनेत्री र मोडेल हुन् । ईशाले २०१३ को पञ्जाबी फिल्म जट्ट ब्वाय पुट जट्टा दीबाट डेब्यू गरेकी थिइन् । पछि उनी अमरिंदर गिलसँग ह्याप्पी गो लकीमा देखा परिन् । यसका साथै, ईशा बडे चेन्ज मेरे यार कमिने, ह्वाट द जट र अर्दास जस्ता फिल्महरूमा पनि उनले काम गरेकी छिन् । पञ्जाबी सिनेमामा लोकप्रियता हासिल गरेपछि, ईशाले २०१८ मा राघव जुयाल, पुनित पाठक र धर्मेश येलांडे अभिनीत फिल्म नवाबजादेबाट बलिउडमा डेब्यू गरेकी थिइन् । जुलाईदेखि नै जोडी अलग भएको खबर आइरहेका थिए । बादशाह र ईशा रिखीको सम्बन्धमा तनावको रिपोर्टहरू जुलाईमा बाहिर आउन थाले । जुलाई २६ मा ईशाले एक पोस्टमा बादशाहसँगको आफ्नो धेरै तस्बिर र भिडियोहरू सेयर गरेकी थिइन् । त्यसमा, उनले 'हरेक आँधीबेहरी एक पाठ हो' भन्ने क्याप्शनमा मुटु टुक्रिएको इमोजी राखेकी थिइन् । यसपछि, एउटा नोटमा इशाले डरका कारण उनी लामो समयदेखि मौन रहेको तर अब आफ्नो आत्मसम्मानको लागि बोलिरहेको भनेकी थिइन् ।

# मटिहानी नगरपालिकाद्वारा तत्काल ५ लाख सहयोग

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १६ भदौ**



रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि महोत्तरीको मटिहानी नगरपालिकाले तत्काल ५ लाख रुपैयाँ सहयोग गर्ने भएको छ ।

नगर कार्यपालिकाको मंगलबार बसेको बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा तत्काल ५ लाख रुपैयाँ जम्मा गर्ने निर्णय गरेको हो । नगरपालिकाले भदौ १० गते तिब्बत-नेपाल सीमा क्षेत्रबाट भोटेकोशी नदी हुँदै आएको अभूतपूर्व बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवनलगायत जिल्लामा भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गरेको छ । प्रेस विज्ञप्तिमार्फत नगर पालिकाले बाढीमा ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको छ। साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै प्रभावित नागरिकको तत्काल उद्धार, सुरक्षित पुनःस्थापना र सहज जनजीवनका लागि शुभकामना व्यक्त गरेको छ । राष्ट्रिय विपद्को समयमा मटिहानी नगरपालिकाको साथ,सहयोग र ऐक्यबद्धता रहने नगर प्रमुख हरि प्रसाद मण्डलले प्रेस विज्ञप्ति मार्फत जानकारी गराउनु भएको छ । नगर प्रमुख मण्डलले बाढी पहिरोमा परी सम्पर्क बिहिन हुन पुग्नु भएका मटिहानी नगरपालिका वडा नं.–७ निवासी करिब ४० वर्षिय गंगाराम मण्डलको यथासिघ्र खोज पडताल र उद्धार गरिदिनु हुन सरकारसँग हार्दिक अनुरोध गर्नु भएको छ ।

**व्यक्तिगत घटना दर्ता गरौं**

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

**व्यक्तिगत घटना दर्ता गरौं**

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**लोहारपट्टी नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

**व्यक्तिगत घटना दर्ता गरौं**

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# प्रलयको व्यापार : डरको २०० वर्ष पुरानो व्यापार




-नेपालमा आएको भीषण बाढीका कारण जनधनको क्षति भएको छ, जसको कारण ग्लेसियर टुट्नु मानिएको छ । विभिन्न समयमा दुनियाँ नष्ट हुने दाबीहरू गरिए पनि ती गलत साबित भएका छन्, जस्तै २०००, २००६, २०१२ र आज २०२६ मा एआई, जलवायु परिवर्तन जस्ता विषयमा डर सिर्जना गरिँदैछ । मानव इतिहासमा जनसंख्या वृद्धि र स्रोतको अभावबारे माल्थसको सिद्धान्त हरेक २५ वर्षमा नयाँ रूपमा दोहोरिँदै आएको छ, तर मानिसको बुद्धि र प्रविधिको विकासले यसलाई चिर्दै आएको छ । प्रस्तावनाः नेपालको बाढी र प्रलयका सौदागर- नेपालको उत्तरी सीमा र रसुवा जिल्लासँग जोडिएको चीनको स्वशासित क्षेत्र तिब्बतको सिमानामा आएको भीषण बाढीका कारण दुवै देशमा व्यापक जनधनको क्षति भएको छ । यस अप्रत्याशित बाढीको कारण ग्लेसियर टुट्नु मानिएको छ । ग्लेसियर एक प्राकृतिक प्रणाली हो । यो बन्छ, टुट्छ, पग्लिन्छ र बग्छ । ग्लेसियर पग्लिनु नै नदीको जीवन हो ।

तर, नेपालमा आएको यस आपत-विपत्तिपछि धेरै तथाकथित प्रेरक वक्ता ( मोटिभेसनल स्पिकर) हरू मानौँ दुनियाँ उनीहरूले भनेअनुसार निश्चित समयमा नष्ट हुँदैछ भन्दै डरको माहोल सिर्जना गरिरहेका छन् । अध्याय १ः मितिपछि मिति- सन् २०००, २००६ र २०१२ को प्रलयको नाटक- मलाई याद छ, सन् २०००, फेरि २००६ र त्यसपछि २०१२ मा दुनियाँ नष्ट हुने दाबीहरू सार्वजनिक भएका थिए । तपाईंलाई याद होला, सन् १९९९ को अन्तिम महिनामा कस्तो माहोल थियो । हरेक अखबारमा लेखिएको थियो- 'जसै घडीमा १ जनवरी २००० बज्नेछ, सबै कम्प्युटरहरूले ०० लाई १९०० बुझ्नेछन्, बैंक बन्द हुनेछन्, बिजुली जानेछ, परमाणु मिसाइलहरू आफैँ चल्नेछन् र हवाइजहाज खस्नेछन् ।' नेपाल र भारतमा पनि धेरै ज्योतिषी र केही सम्प्रदायहरूले यसलाई कलियुगको अन्त्य भनेका थिए । मानिसहरूले चामल र पिठो भण्डारण गरे, धेरै ठाउँमा हवन हुन थाले । जनवरी १, सन् २००० आयो। तर, केही भएन । कम्प्युटर चलिरहे। दुनियाँ उस्तै रह्यो । क. सन् २००६ - ०६/०६/०६ - शैतानको दिनः त्यसपछि ६ जुन २००६ आयो। बाइबलमा ६६६ लाई शैतानको नम्बर भनिएको छ। त्यसैले प्रचार गरियो कि ०६/०६/०६ मा शैतान आउनेछ र दुनियाँ सकिनेछ। हलिउडले त्यही दिन 'द ओमेन' (त्जभ इभल) फिल्म रिलिज गर्‍यो ।

भारतमा पनि धेरै टिभी च्यानलहरूले 'आज राति के होला?' भन्दै कार्यक्रम चलाए । तर, ७ जुन २००६ को बिहान सबैले सामान्य रूपमा चिया पिए र अफिस गए । केही भएन । ख. सन् २०१२ - माया क्यालेन्डरको सबैभन्दा ठूलो शोः यो त सायद तपाईंले पनि देख्नुभएको होला, यो सबैभन्दा ठूलो ड्रामा थियो। मध्य अमेरिकाको प्राचीन 'माया' सभ्यताको क्यालेन्डर २१ डिसेम्बर २०१२ मा सकिने र त्यसै दिन दुनियाँ नष्ट हुने हल्ला चलाइयो । हलिउडले ५० करोड डलर खर्चेर पृथ्वी पड्किएको दृश्यसहितको '२०१२' नामक फिल्म नै बनायो । भारतमा पनि धेरै गुरुहरूले यही कुरालाई समाते र भने, 'हेर, माया क्यालेन्डरले पनि त्यही भनिरहेको छ जुन हाम्रो भविष्य मालिकाले भनिरहेको छ, प्रलय निश्चित छ ।' यसले गर्दा नासालाई यति धेरै फोन आए कि उसले '२०१२ः किन दुनियाँ सकिँदैन' (२०१२ः ध्जथ तजभ ध्यचमि ष्मल'त भ्लम) नामको छुट्टै वेबसाइट नै बनाउनुपर्‍यो। नासाले सम्झायो- माया क्यालेन्डर सकिँदैन, त्यो केवल रिसेट मात्र हुन्छ । जसरी तपाईंको भित्तेपात्रो ३१ डिसेम्बरमा सकिन्छ तर दुनियाँ सकिँदैन । २२ डिसेम्बर २०१२ मा पनि सूर्य उदाउन छाडेन। माया सभ्यताका सन्तान आज पनि ग्वाटेमालामा जीवितै छन् र आफ्नो क्यालेन्डरलाई लिएर दुनियाँले के-के बेच्यो भनेर हाँस्छन् । तपाईं प्रवृत्ति हेर्नुहोस -२००० मा कम्प्युटरको नाममा डर, २००६ मा शैतानको नाममा डर, २०१२ मा माया क्यालेन्डरको नाममा डर, र आज २०२६ मा एआई, जलवायु परिवर्तन, ग्लोबल वार्मिङ, कार्बन डाइअक्साइड, मिथेन ग्यास र ग्लेसियर फुट्ने नाममा त्यही डर । हरेक पटक नयाँ मिति आउँछ, डर बिक्छ, किताब बिक्छन्, युट्युबमा भ्युज आउँछन्, अनि त्यो मिति पनि चुपचाप निस्केर जान्छ। तर, कसैले माफी माग्दैन । अध्याय २ः प्रलयको पुरानो माल्थस- जो हरेक २५ वर्षमा नयाँ जन्म लिन्छ अब अलि पछाडि फर्केर हेरौँ ।

'दुनियाँ नष्ट हुँदैछ'... यो विलाप नयाँ होइन। यो मानव सभ्यताको सबैभन्दा पुरानो बानी हो- भविष्यलाई लिएर छाती पिट्नु र त्यही छाती पिटाइलाई बौद्धिकताको नाम दिनु । क. आजभन्दा करिब सवा दुई सय वर्षअघि, सन् १७९८ मा, जब फ्रान्सको क्रान्तिले पूरै दुनियाँलाई हल्लाएको थियो, इङ्गल्याण्डमा ३२ वर्षीय पादरी थोमस रोबर्ट माल्थस चुपचाप एउटा किताब लेखिरहेका थिए- 'एन एस्से अन द प्रिन्सिपल अफ पपुलेसन' । त्यस किताबको सार एक लाइनमा थियो- मानिसको जनसङ्ख्या ज्यामितीय अनुपातमा (१, २, ४, ८, १६...) बढ्छ, जबकि अन्न उत्पादन अङ्कगणितीय अनुपातमा (१, २, ३, ४, ५...) बढ्छ। त्यसैले एक दिन यस्तो आउनेछ जब खानका लागि मुख धेरै हुनेछन् र अन्न कम पर्नेछ । त्यसपछि के होला? भोकमरी, महामारी, युद्ध र अन्ततः सभ्यताको अन्त्य । त्यतिबेला सन् १७९८ मा पृथ्वीको कुल जनसङ्ख्या एक अर्ब (बिलियन) पनि थिएन, करिब ९० करोड थियो। युरोपमा अनिकाल सामान्य कुरा थियो । त्यसैले माल्थसको कुरा तर्कसङ्गत लाग्यो र ठूला-ठूला अर्थशास्त्रीहरू डराए । आज सन् २०२६ मा, हामी ८ अर्ब भइसकेका छौँ। यो माल्थसको समयभन्दा करिब नौ गुणा बढी हो। र, आज मानव इतिहासमा यो पहिलो जीवित पुस्ता हो जसले आफ्नो कुल खपतभन्दा बढी अन्न उब्जाइरहेको छ । भारत, जसलाई १९६० को दशकमा अमेरिकी जहाजहरूबाट 'पीएल-४८०' अन्तर्गत रातो गहुँ मगाउनुपर्थ्यो, आज दुनियाँलाई चामल र गहुँ निर्यात गर्छ । समस्या भोक होइन। संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कअनुसार दुनियाँमा हरेक वर्ष उत्पादन हुने खानाको करिब एक तिहाइ कुहिएर वा फ्याँकिएर खेर जान्छ। आज दुनियाँमा भोकमरीभन्दा बढी मृत्यु मोटोपन र धेरै खानाका कारण भइरहेको छ । माल्थसको पूरै गणित उल्टो पर्‍यो, किनभने उसले एउटा कुराको हिसाब गरेन- मानिसको बुद्धि। उसले मानिसलाई मुसाजस्तै सोच्यो, जो केवल खान्छ र बच्चा जन्माउँछ। उसले सोचेको थिएन कि त्यही मानिसले ट्र्याक्टर, मल, बोरलगको होचो गहुँ र हरित क्रान्ति पनि ल्याउनेछ ।

तर, माल्थस मरेको छैन । ऊ हरेक २०-२५ वर्षमा नयाँ जन्म लिन्छ । आजका धेरै प्रेरक वक्ताहरूमा तपाईं माल्थसको अनुहार देख्न सक्नुहुन्छ । ख. सन् १९६८ मा अमेरिकामा पल एर्लिचले 'द पपुलेसन बम' नामक किताब लेखे। उनले भविष्यवाणी गरे कि १९७० र ८० को दशकमा पूरै दुनियाँमा भयानक अनिकाल पर्नेछ, र भारत त बाँच्नु नै असम्भव छ । उनले १९८० सम्म इङ्गल्याण्डको अस्तित्व नै नरहने दाबी पनि गरेका थिए। तर के भयो? भारतमा हरित क्रान्ति भयो र हामी खाद्यान्नमा आत्मनिर्भर भयौँ। एर्लिच आज पनि जीवितै छन् र अन्तर्वार्ता दिइरहन्छन् । ग. सन् १९७२ मा 'क्लब अफ रोम' नामको संस्थाले 'लिमिट्स टु ग्रोथ' नामक रिपोर्ट छाप्यो। कम्प्युटर मोडेलका आधारमा भनियो कि १९९२ सम्म सुन, चाँदी, टिन र पेट्रोलियम पदार्थ सबै सकिनेछन् । आज २०२६ हो, हामी १९९२ भन्दा ३४ वर्ष अगाडि छौँ र दुनियाँमा यी धातुहरूको उत्पादन त्यतिबेला भन्दा कैयौँ गुणा बढी छ । यी त अर्थशास्त्र र प्रविधिका क्षेत्रका प्रलय-वाला भए । तर, यही लाइनमा केही धार्मिक सम्प्रदायहरू पनि उभिएका छन्, र दुःखको कुरा, आज केही हिन्दू सम्प्रदायहरू पनि त्यही पुरानो डर देखाएर आफ्नो पसल चलाइरहेका छन् । म यहाँ सनातन धर्मको कुरा गरिरहेको छैन । सनातन धर्म त सबैभन्दा आशावादी धर्म हो। यसले भन्छ- सृष्टिको चक्र चलिरहन्छ, सत्ययुग, त्रेता, द्वापर र कलियुग आइरहन्छन्-गइरहन्छन् ।

साभार : रातोपाटी ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
औरही गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
धनुषाधाम नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday